अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङ**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०१।२६**

श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. १ रिमखोली, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | १, २, ३ र ४ | साल | गोलिया | A | २६ | ४३४. | १२५० | ५४२५०० | १९८६४७ |
| | | | | B | ५४ | ६८९.९३ | ९०० | ६२०९३७ | |
| | | | | C | ७० | ३७५.५३ | ६०० | २२५३१८ | |
| | | | | D | ८ | २८.५९ | ३०० | ८५७७ | |
| | | **लट नं. १ को जम्मा** | | | **१५८** | **१५२८.०५** | | **१३९७३३२** | |
| २ | ५, ६, ७, ८ र ९ | साल | गोलिया | A | १० | १७२.१० | १२५० | २१५१२५ | १८७०२७ |
| | | | | B | १५ | १३८.९३ | ९०० | १२५०३७ | |
| | | | | C | १८ | ८१.८६ | ६०० | ४९११६ | |
| | | | | D | ५ | ११.९० | ३०० | ३५७० | |
| | | **साल जम्मा** | | | **४८** | **४०४.७९** | | **३९२८४८** | |
| | | असना | गोलिया | A | १९ | ३१५.५३ | ४०० | १२६२१२ | |
| | | | | B | ४५ | ४२४.०८ | ३०० | १२७२२४ | |
| | | | | C | ३२ | १७६.४५ | १०० | १७६४५ | |
| | | **असना जम्मा** | | | **९६** | **९१६.०६** | | **२७१०८१** | |
| | | जामुन | गोलिया | A | १ | १८.४८ | ४०० | ७३९२ | |
| | | | | B | ५ | ३४.८२ | ३०० | १०४४६ | |
| | | | | C | १५ | ६४.५२ | १०० | ६४५२ | |
| | | **जामुन जम्मा** | | | **२१** | **११७.८२** | | **२४२९०** | |
| | | **लट नं. २ को जम्मा** | | | **१६५** | **१४३८.६७** | | **६८८२१९** | |
| ३ | १०, ११, १२, १५ र १६ | साल | गोलिया | A | ७ | १०२.२३ | १२५० | १२७७८८ | २०८८८९ |
| | | | | B | ३६ | २७५.७४ | ९०० | २४८१६६ | |
| | | | | C | ५५ | २५०.४६ | ६०० | १५०२७६ | |
| | | | | D | १ | १.८६ | ३०० | ५५८ | |
| | | **साल जम्मा** | | | **९९** | **६३०.२९** | | **५२६७८८** | |
| | | असना | गोलिया | A | २० | ३२०.४३ | ४०० | १२८१७२ | |
| | | | | B | ४६ | ४१२.५८ | ३०० | १२३७७४ | |
| | | | | C | ५४ | २४३.५४ | १०० | २४३५४ | |
| | | **असना जम्मा** | | | **१२०** | **९७६.५५** | | **२७६३००** | |

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङ

गम्मर चन रोका
अध्यक्ष

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| | | लट नं. ३ को जम्मा | | | २१९ | १६०६.८४ | | ८०३०८८ | |
| ४ | १३, १४, १७ र १८ | साल | गोलिया | A | ९ | १२७.१८ | १२५० | १५८९७५ | २११०७३ |
| | | | | B | ३७ | ३१४.०४ | ९०० | २८२६३६ | |
| | | | | C | ७८ | ३३५.१३ | ६०० | २०१०७८ | |
| | | | | D | २ | ४.५६ | ३०० | १३६८ | |
| | | साल जम्मा | | | १२६ | ७८०.९१ | | ६४४०५७ | |
| | | असना | गोलिया | A | २२ | ४६५.२८ | ४०० | १८६११२ | |
| | | | | B | ३१ | २८१.३९ | ३०० | ८४४१७ | |
| | | | | C | २३ | ९६.०६ | १०० | ९६०६ | |
| | | असना जम्मा | | | ७६ | ८४२.७३ | | २८०१३५ | |
| | | लट नं. ४ को जम्मा | | | २०२ | १६२३.६४ | | ९२४१९२ | |
| ५ | १९ र २० | साल | गोलिया | A | १५ | २०८.६८ | १२५० | २६०८५० | ७५३९४ |
| | | | | B | २२ | १७७.७७ | ९०० | १५९९९३ | |
| | | | | C | ४७ | १९३.५ | ६०० | ११६१०० | |
| | | साल जम्मा | | | ८४ | ५७९.९५ | | ५३६९४३ | |
| | | साल | दाउरा | | | ९.०० | १२००० | १०८००० | २६४५०० |
| | | अन्य | | | | १४.०० | ४००० | ५६००० | |
| | | लट नं. ३ को दाउरा जम्मा | | | | २३.०० | | १६४००० | |
| | | लट नं. ५ को जम्मा | | | | | | ७००९४३ | |
| लट नं. १, २, ३, ४ र ५ को गोलिया काठको कुल परिमाण | | | | | ८२८ | ६७७७.१५ | | ४३४९७७३.५० | |
| नोटः काठ, दाउरा संकलन खर्च काठको प्रति घ.फि. रु. १३०।- र दाउराको प्रति चट्टा ११,५००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०२।१५ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०२।१६ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नबिल बैंक लिमिटेड, हापुरे, दाङ शाखामा रहेको खाता नं. २२००१०१७५००८१८ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस सितलछहारी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. १ रिमखोली, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता

**श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह**
**बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङ**

प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१६ गते वा सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

९. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

११. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# नौ महिनामा ६९ विवादमा मिलापत्र

युगबोध समाचारदाता



घोराही, २५ वैशाख। घोराही उपमहानगरपालिकाअन्तर्गत न्यायिक समितिले बितेको नौ महिनामा ६९ प्रतिशत विवादमा मिलापत्र गराएको छ।

न्यायिक समितिले शुक्रबार घोराहीमा पत्रकार सम्मेलन गरी चालु आर्थिक वर्षको नौ महिनामा कुल दर्ता भएका विवादमध्ये ५५ वटामा मिलापत्र गराएको हो । कार्य प्रगति विवरण सार्वजनिक गर्दै घोराही उपमहागनरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक हुमाकुमारी डिसीले चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैतसम्म न्यायिक समितिमा दर्ता भएका ८० विवादमध्ये ५५ विवादमा मिलापत्र गराएको जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा दर्ता भएका ५५ र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका २५ गरी कुल ८० विवादमा जिम्मेवारी सरी आएका १९ र नयाँ दर्ता भएका ३४ सहित ५५ विवादमा मिलापत्र गराएको न्यायिक समितिका संयोजक डिसीले जानकारी दिनुभयो । यस्तै दर्ता भएकामध्ये २५ वटा विवाद प्रक्रियामा रहेको न्यायिक समितिले जनाएको छ। समितिका अनुसार नयाँ दर्ता भएकामध्ये १९ र जिम्मेवारी सरी आएकामध्येबाट छवटा विवाद प्रक्रियामा रहेका छन् । न्यायिक समितिकाअनुसार न्यायिक समितिमा घरायसी विवाद, आली साँध, कुलो पानी, सरकारी जमिनको अतिक्रमण, ज्येष्ठ नागरिक पालनपोषण, ज्याला मजदुरीको पारिश्रमिक नपाएको, खान लाउन नदिएकोजस्ता विवाद आउने गरेका छन् । सकभर मिलापत्र गराउने तर विवाद समाधान हुन नसके माथिल्लो न्यायिक निकायमा सिफारिस गरिदै आएको न्यायिक समितिका संयोजक हुमाकुमारी डिसीले जानकारी दिनुभयो ।

सो अवसरमा बोल्दै घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले न्यायिक समिति नागरिकका विवाद मिलापत्र गराउने कार्यमा सफल भएको बताउनुभयो। विवादकै कारण दुबै पक्षले आर्थिकलगायत झन्झट व्यहोर्नुपर्ने अवस्था आउन नदिन न्यायिक समितिले काम गरिरहेको भन्दै प्रमुख चौधरीले दुबै पक्षलाई न्याय दिनेगरी काम भइरहेको बताउनुभयो । तर विवादका पक्षहरुसँग पटक पटक छलफल गराउनुपर्ने भएकाले केही समय लाग्ने गरेको भन्दै सकभर छिटो छरितो न्यायका लागि समितिले काम गर्ने नगर प्रमुख चौधरीले बताउनुभयो। पत्रकार सम्मेलनको सहजीकरण न्यायिक समितिका कानुन अधिकृत प्रतला गौतमले गर्नुभएको थियो ।

# सहकारीलाई उत्पादनमा जोडेर सदस्यहरुलाई आत्मनिर्भर बनाउन जोड

युगबोध समाचारदाता

घोराही, २५ वैशाख । सहकारीहरुलाई उत्पादनमा जोडेर तिनका सदस्यहरुलाई आत्मनिर्भर बनाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

जिल्ला सहकारी संघको समन्वय तथा हेफर इन्टरनेशनल नेपाल र प्रारम्भिक सहकारी संस्थाका प्रतिनिधिहरुबीच शुक्रबार घोराहीमा गरिएको अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरुले उत्पादनबिना सहकारीका सदस्यहरुको अवस्था परिवर्तन गर्न नसकिने बताए । बचत तथा ऋणले मात्रै सहकारीको मर्मलाई हासिल गर्न नसकिने भन्दै उनीहरुले वस्तु उत्पादनमा सहकारीलाई जोड्न उत्प्रेरित गर्न सरोकारवालाहरुले जोड दिए ।

सो अवसरमा हेफर इन्टरनेशनलका वरिष्ठ प्रवन्धक प्रकाश केसीले सहकारीमार्फत गर्न सकिने उत्पादनका क्रियाकलापहरुलाई प्रवर्द्धन गर्न र समग्र सहकारीका गतिविधिमा सुशासन कायम गर्न हेफरले सहयोगीको भूमिका खेल्ने बताउनुभयो । यस्तै हेफरकै वरिष्ठ कार्यक्रम अधिकृत कृष्णराज जोशीले सहकारीहरुलाई डिजिटलाइज्ड गरी प्रविधिमैत्री बनाउन हेफरले सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा आरएसडिसीका शंकर भट्टराईलगायतले बोल्नुभएको थियो ।

जिल्ला सहकारी संघका अध्यक्ष होमराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा हेफरका वरिष्ठ कार्यक्रम अधिकृत महेश आचार्यले स्वागत तथा सहजीकरण सहकारी संघ दाङका महासचिव शुक्रराज भण्डारीले गर्नुभएको थियो । कार्यक्रममा दुई दर्जन बहुउद्देश्यीय तथा कृषि सहकारीका प्रतिनिधिहरुको सहभागिता थियो ।

# आधारभूत अस्पताललाई २३ लाख बराबरको ल्याब उपकरण सहयोग

युगबोध समाचारदाता

सिसहनियाँ, २५ वैशाख । राप्ती आधारभूत अस्पताल कालापानीलाई रोटरी क्लब अफ दाङले करिब २३ लाख रुपैयाँ बराबरका हस्पिटल ल्याब उपकरण हस्तान्तरण गरेको छ ।

क्लबका अध्यक्ष रोशन दाहालले बिहीबार राप्ती गाउँपालिकाका अध्यक्ष तथा अस्पताल विकास समितिका अध्यक्ष प्रकाश विष्ट र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट एमडिजिपी डा. सुशील केसीलाई उक्त उपकरण हस्तान्तरण गर्नुभएको हो । हस्तान्तरण गरिएका सामग्रीमा फुल्ली एनालाइजर तथा थाइराइड क्लियर मेसिनलगायतका ल्याब उपकरण रहेका छन् । ती उपकरणले अस्पतालबाट प्रदान गरिने प्रयोगशाला सेवा थप प्रभावकारी बन्नुका साथै बिरामीहरुलाई सहज र छिटो स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सामग्री हस्तान्तरण कार्यक्रममा राप्ती गाउँपालिकाका उपाध्यक्ष कमलापती चौधरी, वडा नम्बर ५ का अध्यक्ष देवप्रसाद चौधरी, स्वास्थ्य शाखा प्रमुख नारायण राउत, अस्पतालका प्रशासन प्रमुख पृथ्वी पौडेल, सिसहनियाँ उद्योग वाणिज्य संघका अध्यक्ष ईश्वरी अधिकारी, राप्ती चेम्बर अफ कमर्सका प्रथम उपाध्यक्ष विष्णुप्रसाद सुवेदी, समाजसेवी तथा रोटरी क्लब अफ दाङका पदाधिकारीहरूको उपस्थिति थियो । सो अवसरमा बोल्दै अध्यक्ष विष्टले रोटरी क्लब अफ दाङले स्वास्थ्य क्षेत्रको विकासमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

उहाँले प्राप्त उपकरणले अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सहकार्यलाई निरन्तरता दिन आग्रह गर्नुभयो । क्लबका अध्यक्ष दाहालले सामाजिक उत्तरदायित्वअन्तर्गत ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले उपकरण सहयोग गरिएको बताउनुभयो । उहाँले स्थानीय नागरिकले आफ्नै क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यका साथ सहयोग गरिएको उल्लेख गर्नुभयो ।

# ‘चिहानमाथि महल बनाइरहेको मान्छे’को समीक्षा

❑ गोविन्द खड्का

घोराही, २५ वैशाख । राप्ती साहित्य परिषद् जिल्ला शाखा दाङको नियमित कृति समीक्षा कार्यक्रमअन्तर्गत १९९ श्रृंखलामा शुक्रबार ‘चिहानमाथि महल बनाइरहेको मान्छे’ कविता संग्रहको समीक्षा गरिएको छ ।

परिषद्का शाखा अध्यक्ष यम रेग्मीको अध्यक्षता एवं परिषद्का केन्द्रीय सल्लाहकार पुरुषोत्तम खनालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कवितामा विचार स्पष्ट र वेजोड रहेको प्रमुख अतिथि परिषद्का केन्द्रीय सल्लाहकार खनालले बताउनुभयो । ‘लेखनी अत्यन्त सुन्दर र समय सान्दर्भिक छ’- उहाँले भन्नुभयो- ‘वाचनकला पनि अत्यन्त राम्रो र सुस्पष्ट छ ।’ उहाँले समय सान्दर्भिक हुँदै अघि बढ्न आग्रह गर्नुभयो । अस्तित्वको साहित्य निखारिदै गएको उहाँको भनाइ थियो ।

यसैगरी कार्यक्रमका विशिष्ट अतिथि परिषद्का केन्द्रीय निवर्तमान अध्यक्ष डा. टीकाराम उदासीले विचारोत्तजक कविता रहेको बताउनुभयो । ‘यस्ता प्रतिभा देख्दा लोभ लाग्छ’- उहाँले भन्नुभयो- ‘समाज, देश, समय र जीवनप्रतिका सरोकार काव्यिक भाषामा प्रस्तुत गरेका छन् ।’

समीक्षकहरुले कवितामा भावपक्ष सुन्दर रहेको बताए । उहाँहरुका अनुसार कवि हैन कविता बोलेको हुनाले साहित्यिक पक्ष राम्रो छ । गाउँ वस्तीका समस्या उठाइएको छ । राजनीतिप्रति सचेत छन् । गर्नुहुने र गर्न नहुने कामलाई मिठासका साथ प्रस्तुत गरिएको छ । कार्यक्रममा कवि यज्ञबहादुर डाँगी, साहित्यकार प्रमोद धितालले समीक्षा गर्नुभएको थियो । शुरुमा लेख्दै पढ्दै अघि बढेको र कवितासंग्रह प्रकाशित पछि कविताका बारेमा झनै बुझ्न पाएको लेखक घनश्याम अस्तित्वले बताउनुभयो ।

समीक्षा कार्यक्रममा राप्ती साहित्य परिषद्का केन्द्रीय वरिष्ठ उपाध्यक्ष दीपक शर्मा (समिर) ले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा लेखक अस्तित्वलाई कदरपत्रले सम्मान गरिएको थियो । स्वागत मन्तव्य परिषद्का जिल्ला उपाध्यक्ष सुरेशकुमार पाण्डेयले र सञ्चालन सचिव घनश्याम केसीले गर्नुभएको थियो ।

# आचार्य र शर्माको सम्झनामा स्मृति ग्रन्थ विमोचन

युगबोध समाचारदाता

तुलसीपुर, २५ वैशाख । विश्व रेडक्रस दिवसको अवसर पारेर शुक्रबार नेपाल रेडक्रस सोसाइटी दाङ शाखाले रेडक्रस अभियानमा जीवन समर्पित गरेका नारायणकुमार आचार्य र भगवती शर्माको सम्झनामा स्मृति ग्रन्थ विमोचन गरेको छ। नेपाल रेडक्रस सोसाइटी दाङ शाखाको नेतृत्व २४ वर्षसम्म सम्हाल्नुभएका नारायणकुमार आचार्य र जिल्ला तथा केन्द्र तहमा ३५ वर्षसम्म सक्रिय रहनुभएकी भगवती शर्माको योगदानलाई स्मरण गर्दै शाखाले स्मृति ग्रन्थ प्रकाशन तथा विमोचन गरेको हो ।

कार्यक्रममा बोल्दै दाङ शाखाका सभापति मदन गौतमले जिल्लामा रेडक्रसका गतिविधि विस्तार गर्न तथा लमही, घोराही र तुलसीपुर क्षेत्रमा रक्तसञ्चार सेवा सञ्चालनमा दुबैजनाको महत्वपूर्ण योगदान रहेको बताउनुभयो। उहाँले ‘जहाँ विपत्, त्यहाँ रेडक्रस’ भन्ने भावनालाई व्यवहारमा उतार्ने आचार्य-शर्मा दम्पतीले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो । स्मृति ग्रन्थ विमोचन गर्दै तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्काले एउटै दम्पतीले तीन दशकभन्दा बढी समय एउटै संस्थामा निरन्तर सेवा गर्नु समाजका लागि प्रेरणादायी उदाहरण भएको बताउनुभयो । उहाँले जिल्लामा विपत् व्यवस्थापन तथा मानवीय सेवामा दुबैजनाको योगदान अतुलनीय रहेको धारणा राख्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी दाङ शाखाका सभापति मदन गौतमको अध्यक्षता तथा तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी दाङ शाखाका संस्थापक मन्त्री नवराज रजौरे शाखाका पूर्वसभापति डिल्लीबहादुर केसी, पत्रकार सुशील बस्नेतलगायतले बोल्नुभएको थियो । कार्यक्रममा स्मृति ग्रन्थका सम्पादक भीमलाल मरासिनीले ग्रन्थका विषयमा प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सहजीकरण शाखा मन्त्री प्रकाश श्रीबन्दले गर्नुभएको थियो। नारायणकुमार आचार्य र भगवती शर्माको एक वर्षअघि निधन भएको थियो ।

## नेसंवि......

नेपाल सरकारद्वारा हालै जारी अध्यादेशमार्फत् संस्कृत विश्वविद्यालयको ऐन संशोधन गरी पदाधिकारीहरु नियुक्तिसम्बन्धी कतिपय दफा भेदभावपूर्ण बनाइएको उल्लेख छ। एउटै सेवा आयोगद्वारा परीक्षा लिई एकै प्रक्रियाद्वारा नियुक्त प्राध्यापकहरुमा विभेद हुने गरी नेपाल सरकारबाट ऐन संशोधन हुनुलाई न्यायपूर्ण मान्न नसकिने उल्लेख गर्दै ज्ञापनपत्रमा त्यस्ता दफाहरु तत्काल सच्याई पदाधिकारी नियुक्ति प्रक्रिया अघि बढाउन माग गरिएको छ ।

नेपाल संस्कृत विश्वविद्यालयमा प्रमुख धार संस्कृत मानिए पनि आधुनिक विषय पनि पढाइ हुँदै आएको सन्दर्भलाई अध्यादेशले पूरै नजरअन्दाज गरेको ज्ञापनपत्रमा उल्लेख छ। ‘ऐनमा हालै गरिएको व्यवस्थाले संस्कृत भाषा र साहित्यका प्राध्यापकहरु मात्रै उपकुलपति लगायतका पदाधिकारी हुन पाउने देखिन्छ’- ज्ञापनपत्रमा भनिएको छ- ‘यही व्यवस्था कायम रहेमा संस्कृत विश्वविद्यालयमा आधुनिक विषयका योग्य उम्मेदवारहरुले प्रवेश पाउन सक्दैनन् ।’

उपकुलपति र शिक्षाध्यक्ष पद प्राज्ञिक नेतृत्वका साथै प्रशासनिक नेतृत्व समेत भएकाले संस्कृतको ज्ञानले मात्रै विश्वविद्यालय हाँकिन्छ भन्ने सोच सही मान्न नसकिने ज्ञापनपत्रमा उल्लेख छ । त्यसमाथि कुलसचिव (रजिष्ट्रार) पद त कर्मचारी प्रशासनको नेतृत्व गर्नुका साथै वित्तीय व्यवस्थापन समेत गर्ने भएको हुँदा संस्कृत अध्ययन गरेकाले मात्रै आवेदन दिन पाउने व्यवस्था स्वीकार्य नहुने प्राध्यापकहरुले बताएका छन् । संस्कृत र आधुनिक विषयका प्राध्यापकहरुको समन्वयकारी भूमिकाबाट मात्रै आधुनिक युगमा संस्कृत शिक्षालाई व्यापक बनाउन सकिने कुरातर्फ नेपाल सरकारको ध्यान जानु अत्यावश्यक रहेको ज्ञापनपत्रमा उल्लेख छ । अझ संस्कृत शिक्षामा रहेको पूर्वीय ज्ञान परम्परालाई अन्तर्राष्ट्रियकरण गरी नेपाल र नेपालीको पहिचानलाई उचो राख्न विश्वविद्यालयमा कार्यरत सबै प्राध्यापकहरुको बराबर सम्मान उत्तिकै आवश्यक रहेको ज्ञापनपत्रमा उल्लेख छ ।

उपकुलपति र शिक्षाध्यक्ष पदका लागि कुनै विषयमा विद्यावारिधि हासिल गरी संस्कृत सम्बद्ध विश्वविद्यालयमा कम्तीमा दश वर्ष कार्य गरेको प्राध्यापक तथा कुलसचिवका लागि कुनै विषयमा स्नातकोत्तर गरी संस्कृत सम्बद्ध विश्वविद्यालयमा दश वर्षको प्राध्यापन अनुभव भन्ने व्यवस्था गर्न प्राध्यापकहरुले माग गरेका छन् ।


लग अन गर्नुहोस्
www.nayayougbodh.com



## विमालेख हराएको सूचना !

यस कम्पनीबाट जारी भएका तपसिल बमोजिमका विमालेखहरु हराएकोले सोको प्रतिलिपि विमालेख जारी गरिपाउँ भन्ने व्यहोरासहितको निवेदन सम्बन्धित वीमितहरुबाट यस कम्पनीमा प्राप्त भएको छ । सो विमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस कम्पनीमा प्रमाणसहित निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि विमालेख जारी गरिने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

| क्र.सं. | नाम, थर | विमालेख नं. | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | जस्मीन घिमिरे | ६३१६००२६९९४ | घोराही-१५, दाङ | ९८४७९२४२०३ |

**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
प्रधान कार्यालय, एशियन लाईफ भवन मैतिदेवी काठमाण्डौ
शाखा कार्यालय, दाङ



## श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङ

**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।२६ गते

श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. १ तिनतले, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. १ रिमखोली, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र जामुन प्रजातिको गोलिया काठ थान ८२८ को ६७७७.१५ घ.फि., साल दाउरा ९.०० चट्टा र अन्य दाउरा १४.०० चट्टा गरी जम्मा २३.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



## श्री सिम्ले सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङ

**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।२६ गते

श्री सिम्ले सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, जामुन र कुसुम प्रजातिको गोलिया काठ थान ५५३ को ४००८.६७ घ.फि., साल दाउरा ९.०० चट्टा र अन्य दाउरा ७.०० चट्टा गरी जम्मा १६.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



## श्री सर्वोदय माध्यमिक विद्यालय, सिसहनियाँ

राप्ती गाउँपालिका-५ देउखुरी, दाङ

**शिलबन्दी दरभाउपत्र कोटेशन (Quotation) आह्वान सम्बन्धी सूचना !**

सूचना प्रकाशित मिति : २०८३।०१।२६ गते

यस श्री सर्वोदय माध्यमिक विद्यालयका लागि शैक्षिक तथा प्रशासनिक प्रयोजनका हेतु देहाय बमोजिमका स्पेशिफिकेशन भएका विद्युतीय सामानहरू आवश्यक परेकाले इच्छुक इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

| क्र.स. | क्षेत्र/पक्ष | सामानको नाम | Specification | संख्या |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि | स्मार्टबोर्ड | ● 75", 4K, Android 14,<br>● memory 8GB, build-in 128 GB storage,<br>● 400 nit, 40 points infrared touch,<br>● full function Type-C 65W2, VGA input1, HDMI input 3, HDMI output1,<br>● Dual Wi-Fi support Wi-Fi 6, Bluetooth 5.4,<br>● Industrial screen protection.<br>● EDLA Certified. Built-in 8 MP camera with Al function, and 8 microphone arrays | ३ |
| | | प्रिन्टर | ● Compact 3-in-1 Print/Copy/Scan<br>● Do more with fast print speed of up to 30ppm (pages per minute)<br>● Shipped with 2,600 pages high yield toner<br>● Reduce paper usage with automatic 2-sided printing<br>● Connect with multiple users via built-in wired and wireless network<br>● Monitor and manage your hardware with the network administration tools (available for download)<br>● Increase convenience with mobile device print capability<br>● User-friendly 2 line LCD panel<br>● High print quality with the 2,400 x 600 dpi resolution<br>● Protect papers with dust-free 250-sheet paper tray<br>● Reduce power consumption with Power Saving mode | १ |
| २ | फर्निचर | डेक्स, बेन्च<br>कुर्सी<br>कार्पेट | ● dual desk-beches (length 1.5 mtrs., height-bench-15" with water proof ply<br>● Steel Frame with Nylon Back support | २५ सेट<br>२५ पिस<br>२५ मि. |
| ३ | वेवसाइट | वेवसाइट | Storage अनुसार उल्लेख गर्ने | १ |
| ४ | विद्युतीय सामग्री | पंखा | १२०० MM | १० वटा |
| ५ | फोहोर मैला व्यवस्थापन सामग्री | डस्टवीन Dust Pan<br>कुचो, झाडु | | २४ थान प्रति शिक्षक |

शर्तहरू :
१. दरभाउपत्र फारममा फर्मको आधिकारिक छाप र हस्ताक्षर हुनुपर्नेछ ।
२. फर्म दर्ता प्रमाणपत्र, भ्याट/प्यान (VAT/PAN) दर्ता र गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।
३. दरभाउपत्रमा उल्लेखित मूल्यमा नियमानुसार लाग्ने कर (VAT) समावेश भए/नभएको स्पष्ट खुलाउनुपर्नेछ ।
४. स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहीत रहनेछ ।
५. थप जानकारीका लागि विद्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।
६. कोटेशन रकमको १% रकम विद्यालय खातामा कोटेशनसहित जम्मा गर्नु पर्नेछ ।

प्रधानाध्यापक



## जनजागृति माध्यमिक विद्यालय

तुलसीपुर-१० पातुवनगाउँ, दाङ

**शिक्षक आवश्यकता**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।१।२४ को निर्णय तथा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङको मिति २०८३।१।२२ च.नं AD-२६९५ को प्राप्त विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त वालविकास सहजकर्ता पदपूर्तिका लागि १५ दिने खुल्ला विज्ञापन प्रकाशित गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल
१) विज्ञापन नं १/०८२/०८३
२) पद संख्या : १ (एक) ३) पद : वालविकास सहजकर्ता
४) दरबन्दीको किसिम : करार
५) न्युनतम योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.इ.इ. वा सो सरह उत्तीर्ण
६) उम्मेदवारको उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) तलब स्केल : नेपाल सरकारबाट तोकिए बमोजिम
८) दरखास्त दस्तुर : १०००।-
९) दरखास्त दिने अन्तिम मिति : २०८३।२।७ गतेसम्म सो दिन सार्वजनिक विदा परेमा विद्यालय खुलेको दिन
१०) परीक्षाको किसिम : लिखित र अन्तवार्ता
११) सम्पर्क मिति : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट
१२) परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने
१३) आवश्यक कागजातहरू : शैक्षिक योग्यताका प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी १/१ प्रति
सम्पर्क नं ९८४७८३१०१२, ९८५७८५०५७५, ९८४७९४६९७४

प्रधानाध्यापक



## नाम परिवर्तन सम्बन्धी सूचना !

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३।१।२६

यस कम्पनीको मिति २०८३/१/६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी सम्राट ज्वेलर्स प्रा.लि.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने, व्यहोर्नेपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी राजिष्ट्रारको कार्यालयको मिति २०८३।१।२१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सम्राट ल्याण्ड एण्ड हाउजिङ कायम गरिएको जानकारी गराइन्छ ।



फाँट : ५ मु.नं. ०८२-Cp-०१४६

दाङ जिल्ला अदालतबाट जारी भएको टेकन प्रसाद उपाध्यायको नाति श्रीमणि पोख्रेलको छोरा जिल्ला दाङ बिजौरी गा.वि.स. वडा नं. ५ ठेगाना भई हाल जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बिजौरी बस्ने अं वर्ष ५० को सुजित पोख्रेलका नामको २१ (एक्काईस) दिने ईतलायनामा म्याद ।

उप्रान्त वादी छोटीलाल चौधरीले तपाईंका उपर यस अदालतमा मिति २०८२।०८।२८ गते बयाना बट्टा लेनदेन मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८३।०१।१४ को आदेशानुसार तपाईंका नाउँको यो म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईं आफै वा कानून बमोजिमको वारेसमार्फत प्रतिउत्तर सहित यस अदालतमा उपस्थित हुन आउनुहोला । प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन ।

इति सम्वत् २०८३ साल वैशाख महिना २६ गते रोज ०७ मा शुभम्......।


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com